आज मिति २०८१ पुष २७ गतेका दिन यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**तपशिल:**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराज आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह वम | |

प्रस्तावहरु:

१. झोलुङ्गे पुल निर्माण सर्भे अनुमति सम्बन्धमा ।
२. नेपाल खाद्य व्यवस्था तथा व्यापार लिमिटेड संग सम्झौता(MOU)सम्बन्धमा ।
३. साझेदारी सम्बन्धमा ।
४. सातौं तह कायम तथा पदस्थापन सम्बन्धमा ।
५. पाँचौ तह कायम तथा पदस्थापन सम्बन्धमा ।
६. विद्यालय नर्सिङ कार्यक्रमको लागि नर्स कर्मचारी छनोट सम्बन्धमा
७. छुट का.स.मू सम्बन्धमा ।
८. विद्यालय स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमा ।
९. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन(LISA) र FRA को नतिजा सार्वजनिक सम्बन्धमा ।
१०. नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा ।
११. विद्यालय समायोजन तथा नामाकरण सम्बन्धमा ।

**निर्णय नं. १**

**प्रस्ताव नं. १ माथि छलफल गर्दा** रास्कोट नगरपालिका वडा नं. ६ देखि सान्नीत्रीवेणी सार्कैंज्युला वडा नं. ५ पर्ने स्थानमा अन्तरपालिका सडक संज्याल पुर्याउनुका साथै सान्नीत्रीवेणीबाट रास्कोट नगरपालिका स्थित प्रादेशिक रणनीतिक अस्पतालमा स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीलाई सहजता प्रदान हुने र रास्कोटका विद्यार्थीलाई सान्नीत्रीवेणीमा उच्च शिक्षा हासिल गर्न आवतजावतमा सहजहुने गरि झोलुङ्गे पुल निर्माणका लागि सर्भे गर्न सम्बन्धित निकायलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

**प्रस्ताव नं. २ माथि छलफल गर्दा** यस रास्कोट नगरपालिकामा वितरण गर्दै आएको नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड संग खाद्य विक्री तथा खरिद कक्ष स्थापनका लागि आवश्यक सहजीकरण गर्ने तथा समझदारी पत्र(MOU) मा सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

**प्रस्ताव नं. ३ माथि छलफल गर्दा** रास्कोट नगरपालिकाको गौरवको योजना साथै नगर सरकारको प्रतिबद्धता बमोजिम नीति तथा कार्यक्रममा उल्लेखित भएको नगर बस सञ्चालनका लागि रास्कोट नगरपालिकामा रहेको हिमचुली कृषि सहकारी संग सामुदायिक उत्तरदायित्व अन्तर्गत नगर बस सञ्चालनका लागि साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

**प्रस्ताव नं. ४ माथि छलफल गर्दा** कर्णाली प्रदेश स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा १३६ को उपदफा(३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यस कार्यालयमा पदस्थापना भएका शिक्षा अधिकृत श्री खेमराज शाहीलाई ऐनको दफा ८ बमोजिम तह कायम गरि सोही दफाको उपदफा ४ बमोजिम मिति २०७७ फागुन ६ गते देखि जेष्ठता लागुहुने गरि कर्णाली प्रदेश स्थानीय (सेवा गठन तथा सञ्चालन) नियमावली,२०८१ को नियम १५ बमोजिम अधिकृतस्तर सातौँ तहको पदमा तह कायम तथा तह मिलान गरि पदस्थापन गर्ने निर्णय गरियो ।

| क्र.स | नाम थर (संकेत नं.) | पद/ तह | हालको पद | | | कायम हुने तह | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सेवा | समुह | तह | सेवा | समूह / उपसमुह | तह |
| १. | खेमराज शाही (२३९९८२) शुभकालिका-०५ कालीकोट | शिक्षा अधिकृत | शिक्षा | शिक्षा प्रशासन | अधिकृत स्तर छैटौं | स्थानीय शिक्षा | शिक्षा प्रशासन | अधिकृत स्तर सातौं |

**निर्णय नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा** कर्णाली प्रदेश स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ८ को उपदफा(७) तथा नियमावलीको नियम १४ को उपनियम(६) बमोजिम योग्यता पुगेका यस कार्यालयमा कार्यरत तपशिलका कर्मचारीलाई साविक चौथो तह बाट पाँचौ तह कायम गर्ने निर्णय गरियो ।

| क्र.स | नाम थर (संकेत नं.) | पद/ तह | हालको पद | | | कायम हुने तह | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सेवा | समुह | तह | सेवा | समूह / उपसमुह | तह |
| १. | अनिल कुमार शाही(२२९१५४) रास्कोट नगरपालिका-०५ कालीकोट | ना.प्रा.स(चौथो) | नेपाल कृषि | बाली संरक्षण | सहायक स्तर चौथो | स्थानीय कृषि सेवा | कृषि | पाँचौ |
| २ | कुल प्रसाद न्यौपाने (२३३०३२) रास्कोट नगरपालिका-०८ कालीकोट | ना.प.से.प्रा.(चौथो) | नेपाल कृषि | भेटेरिनरी | सहायकस्तर चौथो | स्थानीय कृषि सेवा | भेटेरिनरी | पाँचौ |

**निर्णय नं. ६ प्रस्ताव नं.६** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको नीति कार्यक्रम तथा बजेटमा उल्लेख भए बमोजिम विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको साझेदारीमा विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन गर्न विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका २०८१ को परिच्छेद ४ बमोजिम यस नगरपालिकाको करार कर्मचारी पदपूर्ती समितिलाई विद्यालय नर्सको छनोट गर्न प्रक्रियमा बढाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा कर्णाली प्रदेश स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०८१ बमोजिम स्तर वृद्धि प्रयोजनका लागि यस रास्कोट नगरपालिकाको आ.व २०७६/०७७ को कार्यसम्पादन मुल्यांकन फारम विविध कारणबस दर्ता भएको तर प्रमुख प्रशासकीय अधिकृत निमित्त भई कार्यसम्पादन मुल्यांकन हुन नसकेकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.०७६/०७७ ,चं.नं. २००, मिति २०७६/०४/३० गतेको परिपत्र अनुसार सहायकस्तर पाँचौ तह भन्दा माथिको कार्यसम्पादन मुल्यांकन उपसचिव वा सो भन्दा माथिको कर्मचारीले मुल्यांकन गर्नु पर्ने व्यवस्था अनुरुप उक्त आ.व.मा छुट हुन गएका तपशिलका कर्मचारीको कार्यसम्पादन मुल्यांकन स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली,२०८१ को नियम ३२ को उपनियम(७) बमोजिम भएको प्रावधान बमोजिम हालबहालवाला कर्मचारीबाट का.स.मू. मुल्यांकन गराउन छुटहुन गएका कर्मचारीको का.स.मु. फारम सुपरिवेक्षण गरि पुनरावलोकन र पुनरावलोकन समितिको मुल्यांकन गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विरेन्द्रनगर सुर्खेतमा पठाउने निर्णय गरियो।

| क.स | दर्ता आ.व २०७७/०७८ | | नाम थर | ठेगाना | पद | सेवा/समूह |
|---|---|---|---|---|---|---|
| | दर्ता नं. | दर्ता मिति | | | | |
| १ | १७ | २०७७/०४/०६ | तिमला संज्याल (२०६८४१) | रास्कोट नगरपालिका-०८ कालीकोट | सि अ न.मि.(पाँचौ) | स्वास्थ्य/प.हे.न |
| २ | २२ | २०७७/०४/०६ | कर्ण प्रसाद बराल (२०६८७८) | रास्कोट नगरपालिका-०८ कालीकोट | सि.अ.हे.व(पाँचौ) | स्वास्थ्य/हे.ई |
| ३ | २८ | २०७७/०४/०६ | लक्ष्मी कुमारी सिंह (२०६५१४) | रास्कोट न पा -०२ कालीकोट | सि अ न.मि.(पाँचौ) | स्वास्थ्य/प.हे.न |

**निर्णय नं. ८**

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा सञ्चालनको लागि विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका २०८१ को नियम २० अनुसार तपशिल बमोजिमको विद्यालय स्वास्थ्य समन्वय समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

१. मनिराज बराल नगर उप-प्रमुख संयोजक
२. जवान सिंह वम प्र.प्र.अ. सदस्य
३. खेमराज शाही शिक्षा शाखा प्रमुख सदस्य
४. नजराज उपाध्याय प्र.अ. सदस्य
५. सदस्य
६. मन तिरुवा वडा अध्यक्ष सदस्य
७. उमा योगी कार्यपालिका सदस्य सदस्य
८. विर्ख थापा वि.व्य.स अध्यक्ष सदस्य
९. जनकराज न्यौपाने स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

**निर्णय नं.९ प्रस्ताव नं. ९ माथि छलफल** गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन(LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) सम्बन्धि नेपाल सरकारले प्रदान गरेको अनलाईन प्रणालीमा प्रविष्टि गरि जिल्ला समन्वय समितिबाट प्राप्त नतिजाको पृष्ठपोषण गरि अन्तिम नतिजा सार्वजनिक गर्ने र प्राप्त पृष्ठपोषणका बारेमा आगामी नगरसभामा छलफल गरि अन्तिम नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल** गर्दा यस रास्कोट नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको सहजीकरण तथा स्याक नेपालको प्राविधिक सहयोग र युनिसेफ नेपालको आर्थिक सहयोगमा निर्माण गरिएको नगर शिक्षा योजना २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ प्रस्ताव नं.११ माथि छलफल** गर्दा यस रास्कोट नगरपालिकाको नगर शिक्षा समितिको सिफारिस बमोजिम रास्कोट नगरपालिका वडा नं.०४ मा सञ्चालित श्री शम्भुनाथ आधारभुत विद्यालय बसन्तपुर र श्री रमालमष्टो आधारभुत विद्यालय स्युनामा विद्यार्थि संख्या न्युन भएको र भौगोलिक दृष्टिले नजिक भएकाले दुवै विद्यालयलाई समायोजन गरि रास्कोट न.पा वडा नं. ०४ स्थित दुवै विद्यालयलाई पायक पर्ने स्थानमा नयाँ विद्यालय सञ्चालन गर्न जग्गादाताले जग्गा दान गरेको जग्गा माथिल्लो गोरुठेक्ना भन्ने ठाँउमा कायम हुने गरि विद्यालयहरु समायोजन गर्ने र विद्यालयको नाम कालीकोट जिल्ला स्थापनामा महत्वपुर्ण योगदान पुर्याउनु भएको पूर्व माननीय समेत रहनु भएको स्व. धर्मदत्त उपाध्यायको स्मृतिमा विद्यालयको नाम श्री धर्मदत्त आधारभुत विद्यालय रास्कोट न.पा वार्ड नं.०४ रहने गरि अनुमति प्रदान गर्न भनि नगर शिक्षा समितिबाट निर्णय भई आएकाले उक्त निर्णय स्वीकृत गर्ने र सोही बमोजिम विद्यालय सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १२ माथि छलफल** गर्दा यस रास्कोट नगरपालिकाको अन्तर्गत रास्कोट नगर अस्पतालमा अ.न.मी पद रिक्त हुन गई कामकाजमा कठिनाई भएकाले यस कार्यालयको मिति २०८१/०६/२१ गते सञ्चालन भएको आधारभुत स्वास्थ्य सेवा केन्द्रका लागि अ.न.मी पदको विज्ञापनमा वैकल्पिक उम्मेदवार श्री सिर्जना न्यौपाने ,रास्कोट नगरपालिका वडा नं.०८ कालीकोट लाई रास्कोट नगर अस्पतालमा रिक्त रहेको अ.न.मी पदमा मिति २०८१ साल माघ ०१ गते देखि लागु हुने गरि नियुक्ति दिने निर्णय गरियो ।